निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

मिति २०८१/०८/१२
नेपाल संवत् ११४५, कछलागा १२ बुधबार

# प्रेस विज्ञप्ति

## आचारसंहिता अनुगमन सम्बन्धमा

स्थानीय तह उपनिर्वाचन,२०८१ लाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्ने उद्देश्यले मिति २०८१/०८/०२ देखि सम्बन्धित जिल्लाहरूमा निर्वाचन आचारसंहिता लागू भएको छ। स्थानीय तह उपनिर्वाचन, २०८१ को प्रचारप्रसारको क्रममा काठमाडौं जिल्लामा आचारसंहिताको उल्लंघन भएको भनी आयोगमा सूचना प्राप्त भएकोले निर्वाचन आयोगबाट लागू गरिएको आचारसंहिताको पालना भए/नभएको सम्बन्धमा अनुगमन गर्न काठमाडौं महानगरपालिका-१६ र कीर्तिपुर नगरपालिकाका लागि देहायका सदस्यहरू रहेको अनुगमन टोली गठन गरी परिचालन गरिएको छ। निर्वाचन प्रचारप्रसारसँग सम्बन्धित गतिविधिहरूको अनुगमन गरी आचारसंहिता उल्लंघन गरेको पाईएमा निर्वाचन (कसुर तथा सजायँ) ऐन, २०७३ बमोजिम कारबाही गर्न अधिकार सहितको टोलीलाई निर्वाचन आयोगको मिति २०८१/०८/१२ को निर्णयले खटाइएको छ। त्यसै गरी उपनिर्वाचन हुने प्रत्येक स्थानीय तहमा निर्वाचन प्रचारप्रसारको सुक्ष्म अनुगमन भइरहेको छ। आचारसंहिताको उल्लंघन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारको उम्मेदवारी निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रद्द गर्न सक्ने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइएको छ।

<u>काठमाडौं जिल्लामा खटिएको अनुगमन टोलीः</u>

समूह (१): काठमाडौं महानगरपालिका वडा नं.१६

१. सहसचिव श्री नारायण प्रसाद सापकोटा
२. सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक श्री दिग विजय सुवेदी
३. उपसचिव (कानून) श्री सीता पुन श्रीष
४. प्रहरी उपरीक्षक श्री सञ्जयसिँह थापा

समूह (२): कीर्तिपुर नगरपालिका

१. प्रहरी वरिष्ठ उपरीक्षक श्री दीपक रेग्मी
२. उपसचिव डा थानेश्वर भुसाल
३. उपन्यायाधिवक्ता श्री केदारकुमार अधिकारी
४. सशस्त्र प्रहरी उपरीक्षक श्री अशोक न्यौपाने

नीता पोखरेल अर्याल
सहसचिव एवम् प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np